# जलवायु मैत्री कृषि कार्यक्रममार्फत बाढीग्रस्त क्षेत्रका कृषकहरूको क्षमता अभिवृद्धि तथा विस्थापित श्रमिकहरूको कृषिमा पुन: एकीकरण परियोजना

## के तपाईँलाई थाहा छ ?

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन बिहान ७ बजे तीन दिनपछिसम्मको मौसम तथा बाढी पूर्वानुमान गरी बुलेटिन जारी गर्दछ।
- देशको कुन ठाउँमा कति वर्षा भइरहेको छ र तत्काल खतराभन्दा माथिल्लो वर्षा भइरहेको छ वा छैन भन्ने जान्न सकिन्छ।
- कुनै नदीमा कति मिटर पानी छ, बाढीको अवस्था कस्तो छ, खतरा होला नहोला भन्ने जानकारी पनि अनलाइनबाट पाउन सकिन्छ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरूमा नेपाल टेलिकम र एनसेलमार्फत बाढीवाट प्रभावित हुने सर्वसाधारणलाई मोबाइलमा एसएमएस प्राप्त हुन्छ।
- नेपाल कृषि अनुसन्धान परिषद्ले हरेक शुक्रबार मौसम पूर्वानुमानमा आधारित साप्ताहिक कृषि सल्लाह बुलेटिन प्रकाशित गर्दछ। सो बुलेटिनमार्फत बाली व्यवस्थापन, पशुपक्षी, मत्स्यपालन, रोगकिरा नियन्त्रण, उन्नत कृषि प्रविधि आदिका बारेमा जानकारी प्राप्त गर्न सकिन्छ।
- नेपाल टेलिभिजनमा प्रत्येक शनिबार ८ बजेको समाचारपछि नेपाल कृषि अनुसन्धान परिषद्द्वारा जारी गरिएको कृषि-मौसम सल्लाह बुलेटिनबारे जानकारी पाइन्छ।
- पैसा नलाग्ने नम्बर ११३५ मा प्रत्येक सोमबार दिउसो २ बजेदेखि ४ बजेसम्म नेपाल कृषि अनुसन्धान परिषद् काठमाण्डौमा कल गरी विज्ञद्वारा निशुल्क कृषि परामर्श लिन सकिन्छ।
- मनसुनको बेला पैसा नलाग्ने नम्बर ११५५ मा कल गरी वर्षा तथा बाढीको सूचना प्राप्त गर्न सकिन्छ।

## मौसम तथा बाढीको वर्तमान अवस्था र पूर्वानुमान निम्न वेबसाइट तथा फेसबुक पेजहरूबाट प्राप्त गर्न सकिन्छ :

### मुख्य नदीहरूको जलाधार क्षेत्रमा वर्षा तथा नदीमा पानीको सतह थाहा पाउन

www.hydrology.gov.np

*वर्षाको जानकारीका लागि Rainfall Watch र नदीको पानीको सतह वा बाढीको जानकारीका लागि River Watch हेर्नें*




https://www.facebook.com/FlowForecasting?mibextid=ZbWKwL

### ३ दिनको मौसम पूर्वानुमानका लागि

www.mfd.gov.np

*मा मौसम पूर्वानुमान बुलेटिन हेर्नें*




https://www.facebook.com/mfd.nepal.5?mibextid=ZbWKwL

### साप्ताहिक कृषि-मौसम सल्लाह बुलेटिनका लागि

www.narc.gov.np

*मा Agromet Bulletin हेर्नें*




https://www.facebook.com/dhm.agromet.1?mibextid=ZbWKwL

### विपद्सम्बन्धी विभिन्न जानकारी तथा सूचनाका लागि

www.bipad.gov.np




https://www.facebook.com/NDRRMA?mibextid=ZbWKwL